# माईजोगमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नयाँबजार, इलाम ।
१ नं. प्रदेश, नेपाल ।

मिति : २०७४।१०।२२

च.न. : ३५०

सूचना । सूचना ॥ सूचना ॥।

विषय: कानुनी परामर्शदाता आवश्यकता सम्बन्धमा ।

यस माईजोगमाई गाउँकार्यपालिकाको मिति २०७४।१०।०९ को बैठकको निर्णयानुसार यस गाउपालिकालाई २०७५ असार मसान्त सम्मको लागि एकजना कानुनी परामर्शदाताको सेवा लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल बमोजिमका योग्यता पुगेको इच्छुक कानुनी परामर्शदाता व्यक्ती वा फर्मले परामर्श सेवा प्रदान गर्न खामबन्दी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. नेपाली नागरिक भएको हुनुपर्ने ।
२. फोजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने ।
३. कम्तिमा ५ (पाँच) बर्ष सम्म अधिवक्ता वा वरिष्ठ अधिवक्ताको रुपमा अदातलमा कानुनी व्यवसाय गरेको अनुभव भएको हनुपर्ने ।

कार्यक्षेत्रगत शर्तहरु:

१. माईजोगमाई गाउँपालिकालाई आवश्यकता अनुसार कानुनी परामर्श तथा सेवा प्रदान गर्नुपर्ने
२. गाउँपालिकाको तर्फबाट कानुनी प्रतिरक्षा गर्नुपर्ने ।
३. गाउँपालिकालाई आवश्यक कानुनी प्राविधिक सहयोग गर्नुपर्ने ।
४. आवश्यकता अनुसार गाउँपालिकामा उपस्थित भई कानुनी सेवा उपलब्ध गराउने ।
५. फर्मको हकमा आवेदन गर्नेले सम्बन्धित फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै राखि सो फर्मका प्रोपाइटरले निवेदन गर्न सक्नेछ ।

सेवासुविधाका शर्तहरु:

१. गाउँपालिका र परामर्शदाता विचको आपसि सहमती बमोजिम हुनेछ ।
२. विस्तृत विवरण वा जानकारी लिनुपर्ने भएमा यस कार्यालयमा उपस्थित भई वा फोन नं. ०२७ ४११०४४ वा मो. नं. ९८५२६८५५२१ मा सम्पर्क राख्न सकिनेछ ।

७४।१०।२२

(चन्द्रप्रकाश वस्नेत)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत